# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, फागुन ७ गते २०५२ साल (संख्या ४४

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजस्व न्यायाधीकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमका अधिकृतहरूलाई देहायबमोजिमका राजस्व न्यायाधीकरणहरूमा काम गर्ने गरी तोकेको छ ।

१. का. मु. क्षेत्रीय संयोजक, श्री भक्तराज जोशीलाई राजस्व न्यायाधीकरण, विराटनगरको लेखा सदस्य पदमा ।

२. प्रमुख कोष नियन्त्रक, श्री दण्डपाणि सुवेदीलाई राजस्व न्यायाधीकरण, पोखराको लेखा सदस्य पदमा ।

आज्ञाले,
सुरेशमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ञ) र (ट) मा देहाय बमोजिम हेरफेर गरेको छः–

"(ञ) प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय– सदस्य

(ट) बालुवा गाउँ विकास समितिको अध्यक्ष– सदस्य"

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा १८ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी RARP II PHASE अन्तरगत मोरङ जिल्लाको मंगलबारे इलाका वन कार्यालय अन्तरगत मधुमल्लामा रेन्जपोष्ट भवन निर्माण कार्यको लागि इष्टमेट अनुसार लाग्ने १०८१.८२ क्यू. फिट गोलिया काठको चिरानमा लाग्ने अन्तःशुल्क मधुमल्ला रेन्जपोष्ट मोरङलाई पूर्णरूपमा छूट दिएको छ ।

### सूचना २

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ संशोधन सहितको दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी RARP II PHASE अन्तरगत झापा जिल्लाको खुदुनाबारी गाउँ विकास समिति नेते भन्ने ठाउँमा निर्माण गरिने रेन्जपोष्ट भवनको लागि आवश्यक पर्ने १०००(एक हजार) क्यूबिक फिट काठ चिरानमा लाग्ने अन्तःशुल्क नेते रेन्जपोष्ट झापालाई पूर्णरूपमा छूट दिइएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत उप-सचिव



मुद्रण विभाग, सिंहदरवार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८२